# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर, काठमाण्डौ
## को
## करमुक्त पसल सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०८।०४)

प्रकाशित मिति २०८१/०७/१४

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा प्रस्थान तर्फको अन्तिम सुरक्षा चेकजाँच पछी कार्यालयले तोकिदिएको स्टेरायल हलमा 26.11 वर्ग मिटर तथा आगमनतर्फ अध्यागमन नजिकै कार्यालयबाट तोकिदिएको 75.8 वर्गमिटर गरी जम्मा 101.91 वर्गमिटर स्थान तथा क्षेत्रफलमा करमुक्त पसल (Duty Free Shop) सञ्चालनको लागि खुला प्रतिस्पर्धाको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट करमुक्त पसल सञ्चालन गर्ने र वण्डेड वेयर हाउसको इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/फर्म/संस्था/ कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा पुनः बोलपत्र आह्वानको सूचना प्रकाशित भएको मिति 2081/07/14 गतेबाट ३० (तीस) दिनभित्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरस्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खाता नम्बर १६९०१००००००११००६ मा रु.11,300- (अक्षरेपीः एघार हजार तीन सय रुपैंया मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको सक्कल भौचर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, कर्पोरेट महाशाखामा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मिति 2081/07/14 गतेबाट ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, कर्पोरेट महाशाखामा बोलपत्र फाराम दाखिला गर्नुपर्नेछ । दाखिलाहुन आएका बोलपत्रहरु सोही दिनको १४:०० बजे सम्बन्धित बोलप्रत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाताकोतर्फबाट अख्तियारीपत्रसहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेपछि उपरोक्त अनुसारनै उल्लेखित समय र स्थानमा बोलपत्र खरिद र दाखिला गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, फौजदारी कसूरमा सजाय नपाएको, कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणा संलग्न गरी कम्तिमा एक वर्षको सम्वन्धित कार्य गरेको अनुभव पेस गर्नुपर्नेछ ।

४. करमुक्त पसल सञ्चालनको लागि प्रस्थान तर्फको अन्तिम सुरक्षा चेकजाँच पछी कार्यालयले तोकिदिएको स्टेरायल हलमा 26.11 वर्ग मिटर तथा आगमनतर्फ अध्यागमन नजिकै कार्यालयबाट तोकिदिएको 75.8 वर्गमिटर गरी जम्मा 101.91 वर्गमिटर स्थान तथा क्षेत्रफलमा 5 (पाँच) वर्षको न्यूनतम बहाल रकम रु 16,24,90,464/- (अक्षरेपीः सोह्र करोड चौबीस लाख नब्बे हजार चार सय चौसठ्ठी रुपैंया मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्म/कम्पनी तथा सोका हिस्सेदारहरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले ५ (पाँच) वर्षको लागी कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, गौचरमा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबर कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक जमानत (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्र खाममा लाह छाप सहित सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर लाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दाखिला गराउनु पर्नेछ ।

८. बोलपत्रमा दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्त राखी वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१०. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

११. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा उपलब्ध हुनेछ ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१४. सूचनामा भएका शर्त र बोलपत्रफाराममा उल्लेखित शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता गर्दाको समयमा थप गर्न सकिनेछ ।

१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।